# दशौं नगर कार्यपालिकाको बैठक
## मितिः २०७९।१०।१९ गते विहीबार

छलफलका प्रस्तावहरु:-

१. नदिजन्य पदार्थहरु (गिट्टी, ढुङ्गा, वालुवा, माटो)उत्खनन्, संकलन तथा विक्रि वितरण सम्बन्धि कार्यविधी,२०७९ स्विकृति सम्बन्धमा ।

२. नदिजन्य पदार्थको अन्तरिक आयठेक्का सम्बन्धमा ।

३. ओजेल युवा क्लवलाइ नगरस्तरिय वजेट रकम रु. १,००,०००।०० रकमान्तर गर्ने सम्बन्धमा ।

४. कार्यपालिकाको विषयगत समिति गठन सम्बन्धमा ।

५. आ.व.२०७९।०८० का वडा स्तरिय योजनाको सोझै खरिद गरी कार्यान्वयन गर्ने सम्बन्धमा ।

६. साझेदरी वनका लागि प्रतिनिधी चयन गर्ने सम्बन्धमा ।

७. करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद थप सम्बन्धमा ।

८. विरगंज-पथलैया-अमलेखगंज रेलवे जग्गाको संरक्षणका लागि अख्तियार दुरुपयोग आयोगबाट प्राप्त सुझाव सम्बन्धमा ।

सम्वत् २०७९ साल माघ १९ गते विहीबार बसेको दशौं कार्यपालिकाको बैठकका निर्णयहरु:-

निर्णय नं-१

जीतपुरसिमरा उपमहानगरपालिका नदिजन्य पदार्थहरु (गिट्टी, ढुङ्गा, वालुवा, माटो) उत्खनन्, संकलन तथा विक्रि वितरण सम्बन्धि कार्यविधी,२०७९ पारित गरियो ।

निर्णय नं-२

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्रका दुधौरा,बालगंगा र पसाहा खोलाबाट स्विकृत IEE बमोजिम नदिजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्धिको लागि घटाघट ठेक्का आह्वान गर्ने ।घाटगद्धि भएको नदिजन्य पदार्थको विक्रिका लागि लट अनुसार बढाबढ ठेक्का अह्वान गर्ने र घरयासि प्रयोजनका लागि आर्थिक ऐनमा तोकिएको दररेटमा डिजिटल प्रविधि प्रयोग गर्दै ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् संकलन र विक्री वितरण सम्बन्धि कार्यविधि, २०७७ को अनुसूचि-३ बमोजिम पटके प्रवेश आदेश र नगदी रसिद सुचिकृत मजदुर तथा सवारी साधनहरुलाई जारी गरि नदिजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश नेपाल

राजन पौडेल
नगर प्रमुख

## निर्णय नं-३

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत वडा नं. १६ स्थित रहेको ओजेली युवा क्लवलाई नगर स्तरिय वजेट शिर्षक जीतपुरसिमरा गोल्डकप संचालन अनुदान वाट रकमान्तर गरी रु. १,००,००० थप वजेट व्यवस्था गर्ने ।

## निर्णय नं-४

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५ नियम १५.को (उपनियम (क),(ख),(ग) बाहेकका) कार्यपालिकाको विषयगत समितिहरु गठन सम्बन्धमा गृहकार्य गरि आगामि कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्ने ।

## निर्णय नं-५

वडा कार्यालयबाट निर्माण सम्बन्धी कार्य उपभोक्ता समिति वा लाभग्राही संस्थाहरुबाट गराँउनु पर्ने व्यवस्था छ । तत् सम्बन्धमा वडा समितिबाट किटानी साथ कारण खुलाई कोटेशन/सोझै खरिद वा लाभग्राहीबाट गर्ने गराउँने निर्णय भै आएमा प्रचलित आर्थिक कार्यविधि तथा खरिद नियमावली अनुसार नगरले वडा समितिबाट लेखि आए बमोजिम कार्यान्वयन गर्ने ।

## निर्णय नं-६

स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ङ) तथा वन नियमावली,२०७९ को नियम ५६(१०)ख. बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको तर्फबाट तपसिल बमोजिमका प्रतिनिधी चयन गरियो ।

तपसिलः-

| क्र.सं. | साझेदारी वनको नाम | कार्यपालिका सदस्यको नाम | कैफियत |
|---|---|---|---|
| १ | गढीमाई साझेदारी वन उपभोक्ता समूह जीतपुरसिमरा उ.म.न.पा.-०१, पथलैया । | श्री शिवशंकर प्रसाद महतो कोइरी | |
| २ | हलखोरिया साझेदारी वन उपभोक्ता समूह जीतपुरसिमरा उ.म.न.पा.-१५, डुमरवाना । | श्री राम प्रसाद लामिछाने | |
| ३ | सहजनाथ साझेदारी वन उपभोक्ता समूह कोल्हवी न.पा.-८, मधुवन । | श्री भिम वहादुर गंतान | |

राजन पौडेल
नगर प्रमुख

निर्णय नं-७

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका विभिन्न महाशाखा/शाखा/वडा कार्यालय/स्वास्थ्य संस्थाहरुमा विगत देखि कार्यरत करार सेवाका कर्मचारीहरुरको म्याद थप सम्बन्धि विषयमा आगामि कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्ने ।

राजन पौडेल
नगर प्रमुख

निर्णय नं-८

विरगंज-पथलैया-अमलेखगंज रेलवे जग्गाको संरक्षणका लागि अख्तियार दुरुपयोग आयोगबाट प्राप्त सुझावलाई ग्रहण गरि,सो विषयमा अन्य सरोकारवाला  निकायहरु सँग समेत समन्वय गर्ने ।

राजन पौडेल
नगर प्रमुख